# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी

पत्र संख्या :- २०८०/८१
चलानी नं :- ६६६

गण्डकी प्रदेश, नेपाल

मितिः २०८०।०८।२७

श्री सामुदायिक र संस्थागत विद्यालयहरु सबै,
मंगला गाउँपालिका, म्याग्दी।

विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि हुने सम्बन्धमा।

प्रस्तुत विषयमा मंगला गाउँकार्यपालिका, मंगला गाउँपालिका स्थानिय तह राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति र माध्यमिक तहका प्रधानाध्यापकहरु तथा सरोकारवालाहरुको मिति २०८०।०८।२५ गते बसेको संयुक्त वैठकको निर्णयानुसार तपशिल बमोजिम चौथो मंगला गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता- २०८० संचालन हुने भएकोले मंगला गाउँपालिका स्थित सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुलाई सहभागिताको लागि अनुरोध छ।

तपशिल

१. खेल संचालन हुने मिति, समय र स्थान
- मितिः २०८०।०९।१५ देखि १७ सम्म
- समयः कार्यक्रम उद्घाटन पौष १५ विहान १०.०० बजे
- स्थानः मंगला-५, कैलाशफाट, पिपलबोट, म्याग्दी।

२. खेल विवरण

क. भलिबल

छात्रः

छात्राः

ख. कबड्डी

छात्र

छात्रा

ग. एथ्लेटिक्स

(अ). दौड(ट्र्याक) तर्फ (छात्र/छात्रा)
- दौड(ट्र्याक तर्फ) १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि. र ३००० मि
- रीले दौडः ४x१०० मि. र ४x४००मि.

(आ). उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ (छात्र/छात्रा)
- हाइजम्प, लङजम्प, सटपुट, त्रिपलजम्प र ज्याभलिङ थ्रो

डिल्लीरमण सुवेदी
शिक्षा शाखा प्रमुख

२०८०।८।२६
दिनकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत

३. खेलका नियमहरु:-

१. राष्ट्रपति रनिङ शिल्ड सियोगिता सञ्चालन निर्देशिका, २०७०(चौथो संशोधन) बमोजिम अंक प्रदान गर्ने र खेल खेलाइने छ।

२. खेलाडी विद्यार्थी चालु शैक्षिक सत्र २०८० मा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत रहेका १८ वर्षभन्दा मुनिका हुनुपर्ने छ। विद्यालयले विद्यार्थी विवरण IEMIS-2080 मा प्रविष्ट गरेको हुनुपर्दछ र विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनुपर्ने छ।

३. टिम इभेन्टसहरुमा एक-एक टिम मात्र विद्यार्थी खेलाडी सहभागी हुन पाउने छन् तर एथ्लेटिक्सको हकमा प्रत्येक खेलाडीले बढीमा १ फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याक इभेन्टमा भाग लिन पाउनेछन्।

४. अन्तराष्ट्रियस्तरको प्रतियोगितामा सहभागि भई सकेको खेलाडी यस प्रतियोगितामा सहभागि गर्राईने छैन् ।

५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम, द्वित्तिय र तृतीय हुने विद्यालय र खेलाडीलाई शिल्ड, मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ।

६. प्रतियोगितामा सहभागि दर्ता मिति २०८०।०९।०२ गते सम्म ४.०० बजे भित्र मंगला गाउँपालिकाको कार्यालयमा गरिसक्नुपर्ने छ। खेलाडीको नामदर्ता गर्दा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुचि १ बमोजिमको फाराम भरि बुझाउनुपर्ने छ। सहभागी विद्यार्थी खेलाडीको फाराममा फोटो टाँस गरि यथार्थ विवरण भरि प्र.अ ले दस्तखत गरि विद्यालयको छाप अनिवार्य लगाई जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि सहित पेस गर्नुपर्ने छ। अन्यथा खेलाडीको फाराम दर्ता हुने छैन।

७. खेलाडीको खेल पोशाक अनिवार्य गरिएको छ । सोको व्यवस्था विद्यालयले नै गर्नुपर्ने छ।

८. विद्यार्थी खेलाडीको विविध पक्षको वैधता माथि उजुरी गर्नु परेमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुचि-९ बमोजिमको निवेदन सहित उजुरी गर्नुपर्ने टिमको खेल सम्पन्न भएको ३० मिनेट भित्र आयोजक समक्ष प्रोटेष्ट गर्न सक्नेछ । आयोजकको छानविनबाट दोषि ठहरिइ अवैध विद्यार्थी खेलाडी खेलाएको प्रमाणित भएमा पदक विजेता भएको भएता पनि सो पदक रद्ध गरि निकटतम् प्रतिद्वन्दीलाई प्रदान गरिने छ ।

९. खेल भावना विपरित अवाञ्छित गतिविधि गरेको पाइएमा खेलाडी र विद्यालयलाई आयोजकलाई उचित लागेको अनुशासनको कार्वाही गर्नसक्नेछ ।

१०. मिति २०८०।०९।१५ गते विहान १०.०० बजे हुने मार्चपासको लागि विद्यार्थी खेलाडी विद्यालयको व्यानर र झण्डा सहित उपस्थित हुनुपर्ने छ। उत्कृष्ट मार्चपासलाई पुरस्कृत गरिने छ।

थप जानकारीका लागि:, डिल्लीरमण सुवेदी -९८४७६७२८८१, लेकनाथ सापकोटा-९८५७०५७५९१, सबिना घर्ती-९८५७६६०३८३, केशव कडेंल- ९८४७६११३८२

डिल्लीरमण सुवेदी
शिक्षा शाखा प्रमुख

२०८०।०८।२६
शिवकुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Email ID:- mangalarumun1127@gmail.com, WebsiteURL:-www.mangalamun.gov.np, Contact Number:- 985764[illegible]